# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति- २०८०/१०/२९ गते

यस मन्त्रालयबाट मिति २०८०/०७/१९ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको **उत्कृष्ट महिला सहयोग कार्यक्रम** कार्यान्वयनका लागि **महिला, बालबालिका तथा समाजकल्याणतर्फका स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८०** अनुसार विभिन्न क्षेत्रहरु (खेलकुद, पत्रकारिता, उद्यमशीलता, साहसिक पर्यटन, सामाजिक अभियान, कल्याणकारी कार्य, सार्वजनिक सवारी संचालन इत्यादि) मा उत्कृष्ट कार्य गरी प्रसिद्धि कमाएका महिलाहरुले प्रोत्साहन सहयोगका लागि प्रकाशित सूचनाअनुसार पर्याप्त मात्रामा निवेदन पर्न नआएको हुँदा पुन: ७ दिनको अवधि थप गरी (मिति २०८०/११/०६ गते सम्म) जिल्लास्थित सामाजिक विकास कार्यालयमा निम्नानुसारका कागजातहरु सहित प्रस्ताव पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरू**

उल्लेखित मापदण्डको अनुसूचि १५ बमोजिमको ढाँचामा निवेदन, सम्बन्धित निकाय (प्रदेश खेलकुद परिषद, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश, उद्योग वाणिज्य संघ/ घरेलु कार्यालय, पर्यटन व्यावसायी संघ, सामाजिक विकास कार्यालय, यातायात व्यवसायी संघ) को सिफारिस पत्र ।